वैठक संख्या: १७

आज मति २०७५।०६।१५ गते सोमवार वहान ८:०० बजे बेलबारी नगरपा लकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपा लकाका तप शल बमोजिमका पदा धकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तप शल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री वश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गता शवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गता गरी | सदस्य | उपस्थित |
| २० | श्री शवनाथ धमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शवा | सदस्य | उपस्थित |
| २२ | श्री गणेश प्रसाद दाहाल | स चव | |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | शाखा अ धकृत (सातौं) | उपस्थित |
| २ | श्री टेकनाथ रेग्मी | लेखा अ धकृत | उपस्थित |
| ३ | श्री झमक भटराई | शाखा अ धकृत | उपस्थित |
| ४ | श्री बलराम गौतम | लेखापाल | उपस्थित |
| ५ | श्री दिनेश खड्का | स. क. अ. | उपस्थित |
| | | | उपस्थित |

प्रस्तावहरु

१. औषधी उपचार खर्च वापत भुक्तानी अनुमोदन सम्बन्धमा ।
२. योजना संझौताको नीतिगत व्यवस्था सम्बन्धमा ।
३. बजेट/कार्यक्रमको संशोधन सम्बन्धमा ।
४. अन्य सामाजिक सहायता खर्च शर्षक नं. २७२१९ मा थप बजेट वनियोजन सम्बन्धमा ।
५. प्रमुखज्यूबाट तोक आदेशबाट स्वीकृत भएका योजनाहरुको समर्थन सम्बन्धमा ।
६. क्रमागत योजना बजेट वनियोजन
७. तालीम कार्यक्रम संचालन मापदण्ड
८. ठेक्का स्वीकृत सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १: चालु आ.व.को अन्य सामाजिक सहायता शर्षकबाट प्रमुखज्यूबाट मति २०७५।६।१० गते प्राप्त माग निवेदन स्वीकृत गरी तप शल बमोजिमका वरामीहरुलाई उपचार सहयोग प्रदान गरेको हुदाँ उक्त निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

त पशल

| क्र.स | विरामीको नाम | ठेगाना | रोगको प्रकार | भूत्तानी रकम |
|---|---|---|---|---|
| १ | मनमाया थापा | बेलबारी १ | पाठेघरको क्यान्सर | २५००० |
| २ | एप्रिन्सा आचार्य | बेलबारी ११ | क्यान्सर | २५००० |
| ३ | कृष्ण वहादुर श्रेष्ठ | बेलबारी ४ | घाटीको क्यान्सर | २५००० |
| ४ | छहर कुमारी माझी थारु | बेलबारी ५ | पाठेघरको क्यान्सर | २५००० |
| ५ | शुभद्रा कुमारी राई | बेलबारी ४ | स्तन क्यान्सर | २५००० |
| ६ | सदियाही सरदार | बेलबारी ६ | मुटु | २५००० |
| ७ | मंगल नारायण लिम्बु | बेलबारी ४ | मुटु | २५००० |
| ८ | गंगा बहादुर कोइराला | बेलबारी ३ | क्यान्सर | २५००० |
| ९ | अम्वर कुमार श्रेष्ठ | बेलबारी ११ | मुटु | २५००० |
| १० | मन माया राई | बेलबारी ११ | स्पाइनर कड | २५००० |

निर्णय नं. २: चालु आ.व.को योजना संझौता र संचालनको लागी तप शल बमोजिम योजना/कार्यक्रम संझौता सम्बन्धी मापदण्डको आधारमा गर्ने निर्णय गरियो ।

**योजना/कार्यक्रम संझौता गर्दा अपनाउनु पर्ने विधि र कागजातहरु**

**तथा वडा समितिसँग सम्बन्धित निर्देशनहरु :**

**क) पुर्वाधार तर्फको योजना संझौता :**

१ उपभोक्ता समितिले संचालन गर्ने योजनाको स्टीमेट र संझौता गर्ने निवेदन पेश गर्नु पर्नेछ ।

२ जनप्रतिनिधि वा कर्मचारिको रोहवरमा उपभोक्ता समिति र अनुगमन समिति गठन भएको निर्णयको छाँयाप्रति ।

३ उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको छाँयाप्रति र मोवाइल नम्बर ।

४ संझौताका लागि उपभोक्ता समितिले बैठकबाट दिईएको अख्तियारी निर्णय प्रति ।

५ लागत अनुमान Estimate को लागि वडाको सिफारिस सहित नगरकार्यपालिकामा पठाउने ।

६ प्राविधिक शाखाबाट लागत अनुमान स्वीकृत भएपछि लागत सहभागिताको रकम बेलवारी नगरपालिकाको राष्टिय बाणिज्य बैंक चल्ति खाता नं २४३०३०४०१८१०३ मा नगद रकम जम्मा भएको सक्कल भौचर संलग्न गर्ने । आयोजना संचालन अघिको फोटो समेत स्वीकृत लागत अनुमानमा अनिवार्य रुपमा समावश गर्ने ।

७ नगरकार्यपालिकाले उपलब्ध गराएको संझौता फरम्याट भरी संझौता गर्ने अनुसूची १ (क) । बैक खाता खोल्न आवश्यक कागजात सहित सिफारिस गर्ने ।

८ योजना संचालन ओदेश टिप्पणी विवरण भर्ने अनुसूची २ (क) ।

९ पेश्की मागको लागि टिप्पणी बिवरण भर्ने अनुसुची ३ (क) ।

१० पेश्की मागको लागि वडाको सिफारिस, लागत सहभागितको लागि जम्मा भएको रकमको सक्कल भौचर ( छाँयाकपि वडाको फायलमा राख्ने) बुदाँ नं ७, ८ र ९ अनुसारको कागजात ३ प्रति (एकप्रति बडाको लागि फिर्ता आउने अर्को प्रति लेखा र योजनामा रहने )

११ अन्य भुक्तानीका लागि प्राविधिक मुल्याङ्कन, वडास्तरिय अनुगमन समितिको अनुगमन सिफारिस ( रु. ३ लाखको हकमा सो भन्दा माथि भए नगरस्तरिय अनुगमन समितिको सिफारिस तथा वडाको सिफारिस सहित नगरपालिकमा पठाउनु पर्ने )

१२ अन्तिम भुक्तानिको बखत सम्बन्धित योजना/ कार्यक्रमको फायल अनिवार्य रुपमा पठाउनु पर्ने छ । जसमा बुदाँ नं ११ मा उल्लेखित कागजात सहित उपभोक्ता समिति, उपभोक्ता अनुगमन समितिको निर्णय र योजना सम्पन्न भएको अबस्थाको फोटो सहित फरफारकका लागि नगरकार्यपालिका समक्ष उपभोक्ता समितिको निवेदन समेत संलग्न भएको हुन पर्ने ।

१३ योजना संचालन सम्बन्धि अभिलेख नगरकार्यपालिकाको कार्यालयले उपलब्ध गराएको ढाँचामा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

**ख सामाजिक आर्थिक र वातावरण क्षेत्रका तालिम, गोष्ठि, सचेतनामूलक कार्यक्रमको संझौता सम्बन्धमा ।**

१ उपभोक्ता समिति, संघसंस्थाबाट कार्यक्रम संचालनका लागि परियोजना प्रस्ताव सहितको निवेदन माग गर्ने ।

२ उपभोक्ता समिति, संघसंस्थालाई कार्यक्रम संचालन गर्न दिने बारे वडासमितिको निर्णय मिति र व्यहोरा अनुसुची २ को उपयुक्त स्थानमा खुलाउने ।

३ संघसंस्थाहरुको नविकरण सहितको दर्ता प्रमाणपत्रको छाँयाप्रति र बैक खाता नम्बर खुलेको कागजातको फोटोकपी संलग्न गर्ने । बैक खाता अनिवार्य हुन पर्नेछ ।

४ उपभोक्ता समिति/संघसंस्थाबाट संझौता गर्न अख्तियारको लागि बैठकको निर्णय र संझौता गर्ने पदाधिकारीहरुको नागरिकताको छाँयाप्रति र मोवायल नं ।

५ लागत सहभागिताको रकम बेर्होनु पर्ने भएमा बेलवारी नगरपालिकाको खाता नं २४३०३०४०१८१०३ मा नगद रकम जम्मा भएको सक्कल भौचर ।

६ नगरकार्यपालिकाले उपलब्ध गराएको संझौता फरम्याट भरी संझौता गर्ने अनुसूची १ (ख) ।

७ योजना संचालन ओदेश टिप्पणी विवरण भर्ने अनुसूची २ (ख) ।

८ पेश्की मागको लागि टिप्पणी विवरण भर्ने अनुसूची ३ (ख)

९ पेश्की मागको लागि वडाको सिफारिस, लागत सहभागितको लागि जम्मा भएको रकमको सक्कल भौचर (छाँयाप्रति वडाको फायलमा राख्ने लागु हुने भए) बुदाँ नं ६, ७ र ८ अनुसारको कागजात ३ प्रति (एकप्रति वडाको लागि फिर्ता आउने अर्को प्रति लेखा र योजनामा रहने )

१० अन्तिम भुक्तनीका लागि वडास्तरिय अनुगमन समितिको मुल्याङ्कन, सिफारिस (रु ३ लाख सम्मको योजनाको हकमा ) तथा बडाको सिफारिस सहित नगरपालिकमा पठाउनु पर्ने ।

११ अन्तिम भुक्तानीको लागि सम्बन्धित योजना/ कार्यक्रमको फायल अनिवार्य रुपमा पठाउनु पर्ने छ । जसमा बुदाँ नं ११ मा उल्लेखित कागजात सहित उपभोक्ता समिति , उपभोक्ता अनुगमन समितिको निर्णय वा संस्थाको

बोर्डको निर्णय, कार्यक्रम संचालन भएको अबस्थाको फोटो सहितको प्रतिवेदन र फरफारकका लागि नगरकार्यपालिका समक्ष उपभोक्ता समिति/संस्थाको निवेदन समेत संलग्न भएको हुन पर्ने ।

१२ कार्यक्रम संचालन सम्बन्धि अभिलेख नगरकार्यपालिकाको कार्यालयले उपलब्ध गराएको ढाँचामा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

*नोट : संघ संस्था भन्नाले संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भएका, टोल विकास संस्था, अन्य कुनै पनि निकायमा दर्ता भएका संघसंस्थाहरु कृषि, पशु, महिला विकास, स्वास्थ्य, सिचाई, वन, खेलकुद आदी सहित सम्झनु पर्नेछ ।*

**निर्णय नं. ३: चालु आ.व.को योजना/कार्यक्रमको संशोधन र खण्डिकरणको हकमा तप शल आधारमा गर्ने निर्णय गरियो ।**

क) बेलवारी नगरसभाद्धारा चालु आ.ब. २०७५।०७६ पारित रु. २ लाख सम्मको वडास्तरिय बजेट र कार्यक्रमको हकमा वडासमितिको निर्णय बमोजिम औचित्य पुष्टि हुने गरी कार्यक्रम परिर्वतन, खण्डिकरण वा बजेट हेरफेर गर्न सक्नेछ । रु. २ लाख भन्दा माथिको योजना तथा कार्यक्रमको हकमा कार्यक्रम परिर्वतन, खण्किरण वा बजेट हेरफेर नगर कार्यपालिकाले मात्र गर्न सक्नेछ ।

ख) वडा समितिको लागि चालु आ.ब.२०७५।०७६ का लागि विनियोजित चालु खर्च भुक्तानीको हकमा वडा समितिको निर्णय बमोजिम भुक्तानी सिफारिस अनिवार्य भएको हुन पर्नेछ ।

**निर्णय नं. ४:** चालु आ.व.मा अन्य सामाजिक सहायता शर्षकमा वनियोजित बजेट खर्च भई सकेको र बाकी उपचार सहयोगको ला ग माग निवेदन भईरहेको हुदाँ उक्त शर्षकमा खर्च शर्षक नं. २७२१९ मा चालु खर्चको भैपरी शर्षकबाट रु. १० लाख थप वनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार तप शल बमोजिमको शर्षकहरुबाट नगर प्रमुखज्यूले व भन्न मतिमा तोक आदेशबाट कार्यक्रम स्वीकृत गरिएको हुदाँ उक्त कार्यक्रम वा योजनाहरु समर्थन गर्ने निर्णय गरियो ।

**(क) कला, साहित्य, संस्कृती प्रर्बद्धन शिर्षक तर्फ**

| क.स | पेश गर्ने व्यक्ति वा संस्था | विषय | दिएको रकम |
|---|---|---|---|
| १ | गीतकार संङघ नेपाल काठमाण्डौं | साहित्य कार्यक्रम | २५००० |

**(ख) खेलकुद विकास शिर्षक तर्फ**

| क.स | पेश गर्ने व्यक्ति वा संस्था | विषय | दिएको रकम |
|---|---|---|---|
| १ | स्मृती फुटवल यूवा समूह बेलबारी ४ | फुटवल खेल सयहोग | ३०००० |

**(ग) पूंजिगत शिर्षक तर्फ**

| क.स | पेश गर्ने व्यक्ति वा संस्था | विषय | दिएको रकम |
|---|---|---|---|
| १ | नेपाल तमू बुद्धिष्ट गुम्बा बेलबारी २ | वाल निर्माण तथा मर्मत | ५०००० |
| २ | श्रीमद् भागवत धर्म प्रचार प्रसार संस्था बेलबारी ७ | मंच निर्माण | ३००००० |

**(घ) सामाजिक विकास तर्फ**

| क.स | पेश गर्ने व्यक्ति वा संस्था | विषय | दिएको रकम |
|---|---|---|---|
| १ | मोहन गिरी ग्रामथान मन्दिर बेलबारी ९ | जितिया पर्व सास्कृतिक कार्यक्रम | ३५००० |
| २ | जे.सि.ज. बेलबारी | जेसिज सप्ताह | १००००० |
| ३ | बेलबारी बहुमुखी क्याम्पस बेलबारी | शैक्षिक अवलोकन भ्रमण | ५०००० |
| ४ | श्री थारु कल्याणकारी क्लव बेलबारी ८ | जितिया कार्यक्रम | २०००० |
| ५ | अपाङगता भएका व्यक्तिहरुको समूह बेलबारी मोरङ | शिविर संचालन | ५०००० |

**(ङ) हरियाली प्रवर्द्धन**

| क.स | पेश गर्ने व्यक्ति वा संस्था | विषय | दिएको रकम |
|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल | सामुदायिक वन उपभोक्ता महासंघको अधिवेशन | ५०००० |

निर्णय नं. ६: गत आ.व.मा क्रमागत भई संचालनमा रहेकोमा तप शल बमोजिमका सम्पन्न योजनाहरुको गत आ.व.को मौज्दात रकममध्ये तप शल बमोजिमको बजेट वनियोजना गरी भुक्तानी गर्ने निर्णय गरियो ।

तप शल

| स.नं. | योजनाको ववरण | भुक्तानी हुन बाकी रकम रु | |
|---|---|---|---|
| १ | परोपकार शान्तिघाट निर्माण वडा नं.७ | १६६३०००।०० | |
| २ | त्रिवेणीचौक दे ख गौथली चौक सडक कालोपत्रे | २५७५७९६।१८ | |
| ३ | सुकुना समसार र तल्लो सुकुना पुल निर्माण वडा नं.८ | १०८६८२१।२७ | |
| ४ | शुक्रबारे बजार व्यापारिक कम्प्लेक्स भवन निर्माण वडा नं. ९ | १६६३०००।०० | |
| ५ | बुद्धमार्ग त्रिवेणी पथ थापाचौक बाट हरियालीचौक कालोपत्रे वडा नं. १० | २२०८६६२।३८ | |

निर्णय नं.७: चालु आ.व.मा स्वीकृत योजना तथा कार्यक्रमहरु संचालनको ला ग नगर तथा वडास्तरमा एकरुपता कायम गर्नको लागी तप शल बमोजिमको तालीम, गोष्ठी, कार्यशाला, से मनार आदी संचालन सम्बन्धी मापदण्ड, २०७५ कार्यान्वयन गर्ने निर्णय गरियो ।

बेलवारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय बेलवारी**

मोरङ

**तालिम, गोष्ठी, कार्यशाला, सेमिनार आदी संचालन सम्बन्धी मापदण्ड, २०७५**

| सि.नं | प्रयोजन / बिवरण | दररेट रु. | | स्पष्टिकरण/कैफियत |
|---|---|---|---|---|
| | | नगर स्तरिय कार्यक्रम | वडा स्तरिय कार्यक्रम | |
| (क) | प्रशिक्षकको पारिश्रमिक | | | |
| १ | अधिकृत स्तर<br>कार्यपत्र -Handsout | १२०० | १००० | कार्यपत्र कम्तिमा ७५० शब्दको हुन पर्नेछ । |
| | कक्षा संचालन | ८०० | ६०० | कक्षा दिनको बढीमा ५ ओटा सम्म रहनेछ । प्रतिकक्षा कम्तिमा १ घन्टा ३० मिनेटको हुनु पर्नेछ । |
| २ | साहायक स्तर<br>कार्यपत्र -Handsout | १००० | ७०० | कार्यपत्र कम्तिमा ७५० शब्दको हुन पर्नेछ । |
| | कक्षा संचालन | ६०० | ६०० | कक्षा दिनको बढीमा ५ ओटा सम्म रहनेछ । प्रतिकक्षा कम्तिमा १ घन्टा ३० मिनेटको हुनु पर्नेछ । |
| (ख) | खाजा खाना खर्च | | | |
| १ | गोष्ठि सेमिनार कार्यशाला, तालिम अध्ययन अबद्धता जस्ता समारोहमा उदघाटन समापन सहभागि खाजा प्रतिव्यक्ति | १५० | १५० | सहभागी, संयोजक, श्रोत व्यक्ति, सहयोगी, कार्यालय सहयोगी , प्रतिवेदक तथा अतिथि समेत । |
| २ | गोष्ठि सेमिनार कार्यशाला, तालिम अध्ययन अबद्धता जस्ता समारोहमा उदघाटन समापन सहभागि खाना खर्च प्रतिव्यक्ति | प्रचलित बजार अनुसार / बढीमा ३०० | प्रचलित बजार अनुसार/बढीमा ३०० | सहभागी, संयोजक, श्रोत व्यक्ति, सहयोगी, कार्यालय सहयोगी , प्रतिवेदक तथा अतिथि समेत । |
| (ग) | आवास खर्च | | | |
| १ | प्रशिक्षकको लागि | प्रचलित बजार अनुसार | प्रचलित बजार अनुसार | बाह्य प्रशिक्षकको हकमा मात्र लागु हुने । |
| २ | सहभागिको लागि प्रतिव्यक्ति | प्रचलित बजार अनुसार | प्रचलित बजार अनुसार | नगरक्षेत्रभन्दा बाहिर संचालित आवासिय तालिमका लागि मात्र लागु हुने । |
| (घ) | मसलन्द | | | |
| १ | सहभागि स्टेसनरी प्रतिव्यक्ति | १०० | १०० | स्पायरल, डायरी, कलम, डटपेन , पेन्सिल, इरेजर आदी |
| २ | प्रशिक्षण स्टेसनरी एकमुष्ठ | २५०० | १५०० | बोर्ड मार्कर, मेटाकार्ड, मास्किङ्ग टेप, ग्लु स्टिक, न्युज प्रिन्ट पेपर लगायत प्रशिक्षण कार्य संग सम्बिन्धित सामान |
| ३ | विविध खर्च एकमुष्ठ | २००० | २००० | ब्यानर, प्रमाणपत्र, संचार, ईन्धन आदी |
| (ङ) | भत्ता प्रतिदिन | | | |
| १ | संयोजक भत्ता | ५०० | ४०० | एक कार्यक्रमको लागि १ जना मात्र कार्यक्रम व्यवस्थापकको रुपमा हुने |
| २ | कार्यक्रम सहयोगी | ४०० | ३०० | एक कार्यक्रममा बढीमा २ जना सम्म हुनसक्ने |
| ३ | अनुगमनकर्ता | १००० | १००० | प्रतिवेदन समावेस गर्नु पर्ने |
| (च) | यातायात | | | |
| १ | सहभागि यातायात प्रतिदिन | ५०० बढीमा | ३०० बढीमा | तीन दिन सम्मको कार्यअबधि |
| २ | सहभागि यातायात प्रतिदिन | २५० | २०० | सात दिन सम्मको कार्यअबधि |
| ३ | सहभागि यातायात प्रतिदिन | १५० | १०० | ३० दिन सम्मको कार्यअबधि |
| ४ | सहभागि यातायात प्रतिदिन | १०० | १०० | ३० दिन भन्दा बढी कार्यअबधि |
| (छ) | प्रतिवेदक पारिश्रमिक एकमुष्ठ | ३००० | २५०० | तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा खाजा, खाना र अतिरिक्त पारिश्रमिक पाउने छैन । प्रतिवेदन कम्तिमा १००० शब्दको हुन पर्नेछ । |
| (ज) | वस्तुगत टेवा प्रतिव्यक्ति | ५००० बढीमा | ५००० बढीमा | बाखा माउ, पाठा, मौरी घार, बंगुर , पाठा, पशु स्वास्थ्य परिक्षण किट, बिउ बिजन, सिलाई मिसिन, औजार, कार्यालय व्यवस्थापन सामान, |
| (झ) | बस्तुगत टेवा प्रतिव्यक्ति, कृषि, पशुपालन, व्यवसायिकरण मेसिनरी औजार अन्य | स्वीकृत कार्यक्रम / प्रचलित बजारदर अनुसार | स्वीकृत कार्यक्रम / प्रचलित बजारदर अनुसार | पावर टेलर, थ्रेसर, धान काटने, गोडने मेसिन, भेटनरी औजार, नश्ल सुधारका लागि राँगा, गोरु, बोका आदी |
| (ञ) | भाडा | प्रचलित दर अनुसार | प्रचलित दर अनुसार | गाडी, मेसिनरी औजार भाडा, हल भाडा आदी |

- नोटः नगरले संचालन गर्ने कार्यक्रम नगरस्तरिय र वडाले संचाल गर्ने कार्यक्रम वडास्तरिय हुनेछ ।
- स्रोत व्यक्ति कार्यपत्र, प्रस्तुतिकरण, संयोजक, कार्यक्रम सहयोगि, अनुगमन पारिश्रमिक आदीको भुक्तानीमा नियमानुसार १५ प्रतिशत पारिश्रमिक कर कट्टी हुनेछ ।
- यातायात खर्च प्रचलित दररेट अनुसार बस, हवाई जहाज, सिटी सफारि आदी हुने, हवाई जहाजको भुत्तानीको हकमा टिकट र बोर्डिङ्ग पास अनिवार्य पेश गर्नु पर्नेछ ।

निर्णय नं. ८: चालु आ.व.को नदीजन्य प्राकृतिक स्रोत ढुंगा गट्टी मक्स गट्टी बलुवा आदीको उत्खनन र बिक्रीको लागी ठेक्का नं. १ चसाङ खोला र ठेक्का नं. २ लोहन्द्रा खोलाको मति २०७६।०५।१४ गते प्रका शत सार्वजानिक सूचना अनुसार नियमानुसार पर्न आएका शलबन्दी बोलपत्रहरुमध्ये मुल्यांकन स मतिले सफारिस गरे अनुसार ठेक्का नं. १ को चसाङको सबैभन्दा बढी अंक कबोल गर्ने कानेपोखरी व.एण्ड व. कन्ष्ट्रक्शन प्रा. ल. कानेपोखरी ५ ले रु १,२४,१५,०००।०० (मू.अ.कर बाहेक) र ठेक्का नं. २ लोहन्द्रा खोलाको सबैभन्दा बढी अंक कबोल गर्ने मोरङ कन्ष्ट्रक्शन गोदावारी ११ ले रु. २,६३,२१,१११।०० (मू.अ.कर बाहेक) को ठेक्का रकम स्वीकृत गर्ने निर्णय गरियो ।